# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, कात्तिक १९ गते २०५३ साल (संख्या २९

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी गैह्र नेपाली नागरिकलाई नागरिकताको प्रमाण–पत्र दिएको सम्बन्धमा विशिष्ट श्रेणीका अधिकृत श्री खेमराज रेग्मीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विभागीय कारवाहीको लागि भएको सिफारिश अनुसार निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ बमोजिम विभागीय कारवाही गर्न उक्त ऐनको दफा ६२ बमोजिम सजायको आदेश दिने अधिकारीको अधिकार मन्त्रिपरिषद् सचिवालयका मुख्य सचिवलाई उक्त कार्य सम्पन्न नभएसम्मको लागि सुम्पेको छ । निजले सोही ऐनको दफा ५९ को खण्ड (ख) बमोजिम दिएको सजाय बाहेक अन्य सजायको आदेश उपर पुनरावेदन सुन्ने अधिकारी श्री ५ को सरकारलाई तोकेको छ ।

आज्ञाले,
केशवराज राजभण्डारी
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१५

मुद्रण विभाग, सिंहदरबार

६९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।